भेरी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ३ संख्या : ५ फागुन ०१, २०७६

## भाग-१

भेरी नगरपालिका

नगर कार्यपालिकाको कार्यालयको

सूचना

# केही स्थानीय ऐन मा संशोधन गर्न बनेको ऐन, २०७६

**प्रस्तावना:** प्रचलित भेरी नगरपालिकाको केही ऐनमा संशोधन गर्न बान्छनिय भएकोले भेरी नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम केही स्थानीय ऐन संशोधन ऐन, २०७६ रहेको छ ।

(२) यो ऐन राजपत्रमा सूचना प्रकाशन भएपछि प्रारम्भ हुने छ ।

२. **भेरी नगरपालिका न्यायिक समिति (कार्यविधि) ऐन, २०७४ मा संशोधन:**

क. ऐनको परिच्छेद ५ को दफा ३२ को (२) मा उपदफा (१) बमोजिमको पेशी सूची संयोजकले र निजको अनुपस्थितिमा निजले जिम्मेवारी तोकेको

समितिको सदस्यले प्रमाणित गर्नु पर्नेछ भन्ने उल्लेख भएकोमा तोकेको भन्ने शब्द संशोधन गरी उपस्थित सदस्यले भन्ने शब्द राख्ने ।

ख. ऐनको परिच्छेद ७ दफा ४९ को (१) बमोजिमको सचिवालयमा आवश्यकता अनुसार रहने कर्मचारीहरूमा “उजुरी प्रशासक” भनी उल्लेख भएकोमा उक्त पदको नाम “न्याय प्रशासक” भन्ने शब्द संशोधन गरी ऐनमा “उजुरी प्रशासक” शब्द उल्लेख भएको सबै स्थानमा “न्याय प्रशासक” शब्द राख्ने ।

ग. ऐनको परिच्छेद ८ को दफा ५९, उपदफा (१) को (क) मेलमिलापकर्ताको योग्यतामा कम्तीमा स्नातक उत्तिर्ण गरेको भन्ने उल्लेख भएकोमा स्नातकको सट्टा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण भन्ने संशोधन गर्ने ।

घ. दफा ७१ मा मेलमिलाप दस्तुर सम्बन्धमा मेलमिलापमा जाने विवादको हकमा मेलमिलापकर्ताले पक्षहरूले सहमतिमा दिन मन्जुर भएदेखि बाहेक कुनै प्रकारको दस्तुर लाग्ने छैन । तर पक्षहरूको सहमतिमा मेलमिलापकर्ताले पक्षहरूबाट बढीमा रू ५००।- लिन पाउने छन् भनी उल्लेख भएकोमा रू ५००।- को सट्टा रू १०००।- भनी संशोधन गर्नु पर्ने ।

**३. भेरी नगरपालिकाको शिक्षा ऐन, २०७४ :**

भेरी नगरपालिकाको स्थानीय शिक्षा ऐन, २०७४ को दफा २६ मा “अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि विध्यालयको दैनिक पठन पाठन तथा अन्य व्यवस्थापनमा समस्या देखिएमा नगर शिक्षा समितिले नगरपालिका क्षेत्रभित्रका जुन सुकै विध्यालयमा स्थायी, अस्थायी, राहत, वाल शिक्षक तथा विध्यालय कर्मचारीको सरूवा तथा काज सरूवा गरेमा बाधा परेको मानिने छैन ।” भन्ने वाक्यांश राखि उपदफा (४) थप गर्ने ।

**४. स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन, २०७४ :**

क. स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन, २०७४ को दफा ५ को उपदफा (१) अनुसार गठन हुने समितिको नाम स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समिति भन्ने उल्लेख भएकोमा सोको सट्टा स्वास्थ्य सेवा संचालन, व्यवस्थापन तथा अनुगमन समिति भनी संशोधन गर्ने । हाल विध्यमान देहाय अनुसारको उक्त समितिमा देहाय अनुसार पदाधिकारी रहने गरी संशोधन गर्ने ।

| क्र.सं. | हालको प्रावधान | संशोधित प्रावधान |
|---|---|---|
| क. | स्वास्थ्य क्षेत्र हेर्ने कार्यपालिका सदस्य – अध्यक्ष | नगर प्रमुख – अध्यक्ष |
| ख. | स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको१ जना –सदस्य | जनसंख्या तथा सामाजिक समिति संयोजक – सदस्य |
| ग. | आमा समूह र स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट र्यपालिकाले तोकेको १ जना, –सदस्य | प्रमुख प्रशासकिय अधिकृत – सदस्य |
| घ. | स्वास्थ्य संस्था ब्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक वर्ष परिवर्तन हुने गरी कार्यपालिकाले तोकेका१ जना –सदस्य | जिल्ला स्वास्थ्य कार्यालयको अधिकृत प्रतिनिधि –सदस्य |
| ङ. | स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख –सदस्य सचिव | नगर स्वास्थ्य शाखा प्रमुख –सदस्य सचिव |

आज्ञाले,
दलबहादुर घर्ती
निमित्त प्रमुख प्रशासकीय अधिकृत